# भरतपुर उप-महानगरपालिकाको सूचना

*प्रथम पटक सूचना प्रकाशित मिति २०७३/०२/२१*

सूचना नं १ सा.वि.शा.

**विषयः** बालबालिकाको स्थितीपत्र तयार एवम् प्रकाशन गर्ने सम्बन्धमा ।

भरतपुर उप-महानगरपालिकाको बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति २०६८ एवम् बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधी २०६८ को दफा २५ बमोजिमको अनुसूची ८ अनुसार बालबालिकाहरूको स्थितीपत्र (Status Report) को तथ्याङ्क संकलन, लेखन र प्रकाशनका कार्यको लागि निम्नअनुसार हुने गरी यो सूचना प्रकासित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले १५ पन्ध्र दिनभित्र घटी घटाउमा उक्त कार्य गर्नको लागि प्राविधिक योग्यता पुगेका ईच्छुक गैर सरकारी संस्था, सामाजिक संघसंस्था, फर्महरूलाई यो सार्वजनिक सूचनाद्वारा आह्वान गरिन्छ ।

| क्र.सं. | आयोजनाको नाम | विवरण | अधिकतम रू (ल.ई.) | धरौटी रकम |
|---|---|---|---|---|
| १ | बालबालिकाको स्थितीपत्र तयार एवम् प्रकाशन | भ.उ.म.न.पा.को 'बालबालिकाहरूको स्थितीपत्र (Status Report) को तथ्याङ्क संकल्न, लेखन र प्रकाशनका कार्य | जम्मा रू ६,५०,०००। अक्षेरेपी छ लाख पचास हजार मात्र । | कबोल रकमको २.५ प्रतिशत रकम |

**सर्तहरूः**

१. दरभाउपत्र सम्बन्धी सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र चालु आ.व.को लागि नविकरण गरेको इजाजतपत्र, आयकर दर्ता पमाणपत्र एवम् मु.अ.कर (भ्याट) दर्ता प्र.पत्र, आन्तरिक राजस्व विभागबाट प्राप्त करचुक्ता प्रमाणपत्रको प्रतिलिपी संलग्न राखी प्रस्ताव पेस गर्नुपर्नेछ । आय कर नलाग्ने सामाजिक संघसंस्थाको हकमा कर नलाग्ने व्यहोराको प्रमाण संलग्न हुनुपर्नेछ ।

२. अनुसूची बमोजिमको तथ्याङ्क संङ्कलन गनुपर्नेछ ।

३. सि.नं. ३ मा उल्लेख भए बमोजिमको सवै तथ्याङ्क Compilation गरी पाच प्रति प्रतिवेदन यस कार्यालयमा पेस गर्नुपर्नेछ ।

४. सूचना प्रकाशित मितिले १५ पन्ध्र दिनभित्र भ.उ.म.न.पा. सामुदायिक विकाश शाखावाट रू ३००। फिर्ता नहुने गरी प्रस्ताव फाराम खरिद गर्न सकिने छ । सूचना प्रकाशित मितिले १६ (सोह) औं दिन दिनको १२.०० बजेभित्र सिलबन्दी दरभाउपत्र यस कार्यालयमा पेश गर्नुपर्नेछ । सिलबन्दी दरभाउपत्र सोही दिन दिनको २.०० बजे साक्षी प्रतिनिधिको रोहवरमा भ.उ.म.न.पा. कार्यालयमा खोलिने छ । प्रस्ताव फाराम खरिद गर्ने र पेश गर्ने दिन सार्वजनिक बिदा परेमा सो बिदापछि कार्यालय खुलेको दिन सोही समयलाई मानिने छ ।

५. सूचनामा उल्लेख भएकोमा सोही बमोजिम र अन्य कुराहरूको हकमा स्थानीय स्वायत्त शासन ऐन, २०५५, आर्थिक प्रशासन नियमावली २०६४, सार्वजनिक खरिद ऐन, २०६३ एवम् प्रचलित कानून बमोजिम हुनेछ ।

६ अन्य कुराहरू भ.उ.म.न.पा.को निर्णय एवम् प्रस्ताव फाराममा उल्लेख भएअनुसार हुनेछ ।

७. प्रस्ताव साथ यस कार्यालयको नाममा रहेको श्री राष्ट्रिय वाणिज्य बैक, भरतपुरको धरौटी खाता नं. ग-३/०२ खातामा नगदै जम्मा गरेको सक्कल भौचर वा प्रस्ताव दाखिला गर्ने अन्तिम दिनबाट न्यूनतम ९० दिन म्याद राखी जारी गरिएको "क" श्रेणीको वाणिज्य बैंकको जमानीपत्र (विडवण्ड) संलग्न हुनुपर्नेछ ।

**कार्यकारी अधिकृत**

भरतपुर उपमहानगरपालिका कार्यालय, चितवन